# सिद्धार्थ केवलकार लिमिटेड

रजिष्टर्ड कार्यालय: बुटवल-१, रुपन्देही, टेलीफोन नं. :- ०७१-५३४६६३
scablecar0011@gmail.com, www.siddharthacablecar.com

## शौचालय भवन निर्माण कार्यको लागि शिलबन्दी दरभाउपत्र आव्हानका लागि म्याद थप सम्बन्धी ७ दिने सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति: २०८१/१२/३० गते

यस सिद्धार्थ केवलकार लिमिटेड कम्पनीको माथिल्लो स्टेशनमा शौचालय भवन निर्माणका लागि नेपालको प्रचलित कानून बमोजिम दर्ता हुनु पर्ने निकायमा दर्ता भई आन्तरिक राजश्व कार्यालयबाट नियमानुसार कर चुक्ता प्रमाणपत्र लिएका सो सम्बन्धि इजाजत प्राप्त निर्माण व्यवशायी/कम्पनी/फर्महरुबाट तपशिलका शर्तहरुको अधिनमा रही रितपूर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा तोकिएको मिति २०८१/१२/२८ गतेको ४:०० बजेसम्म नियमानुसार आवश्यक शिलबन्दी दरभाउपत्र दर्ता हुन नआएकोले पुनः ७ (सात) दिन म्याद थप गरिएको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | विवरण | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय: | दरभाउ पत्र खोलिने मिति र समय: |
|---|---|---|---|---|
| १ | SCC/SQ-12/2081-82 | सिद्धार्थ केवलकार लिमिटेड कम्पनीको माथिल्लो स्टेशनमा शौचालय भवनको संरचना निर्माण कार्यका सम्बन्धमा । | मिति: २०८२।०१।०५<br>समय: दिनको ४:०० बजेसम्म | मिति: २०८२।०१।०५<br>समय: दिनको ४:३० बजे |

१. यो सूचना प्रकाशित भएको मितिले ७औं दिन दिनको ४:०० बजेभित्र यस कम्पनीको नाममा सम्बोधन गरी शिलबन्दी दरभाउपत्र नं, कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नं. र ईमेल ठेगाना खाम बाहिर स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी यस कम्पनीको कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

२. दर्ता भएका शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन दिनको ४:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु र यस कम्पनीका प्रतिनिधिहरुको रोहवरमा यस कम्पनीको कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. शिलबन्दी दरभाउपत्र दाखिला गर्ने तथा खोलिने काम गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतैपछि कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ ।

४. यो शिलबन्दी बोलपत्रमा सहभागी हुन आउने कम्पनीले लक्ष्मी सनराईज बैंक लिमिटेडको "सिद्धार्थ केवलकार लिमिटेड खाता नं ०२०११०००८९३" मा पछि फिर्ता नहुने गरी रु. ३,०००/- (अक्षेरुपी तीन हजार मात्र) जम्मा गरी सोको भौचर सहित शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र स्वीकृत भएमा यस कम्पनीको नियमानुसार रिफन्डेबल डिपोजिट राखिनेछ ।

५. सूचना बमोजिम म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

६. कर फर्छ्यौट, दर्ता सम्बन्धी कागजात, अन्य आवश्यक प्रमाणपत्र लगायत सम्पूर्ण कानूनी कागजातहरु नेपाल सरकारको नियम अनुसार शिलबन्दी बोलपत्र भित्र संलग्न गर्नु पर्नेछ ।

७. कम्पनीको हीतलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृति गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ ।

८. सूचनामा उल्लेख नभएका बूंदाहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

९. ठेक्काको शीर्षक, निर्माण सामाग्रीहरुको विवरण, टेक्निकल विवरण तथा बोलपत्र फारम कम्पनीको प्रशासन शाखाबाट रु. ३०० भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।

१०. शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु साथै यस विषयमा अन्य केही जानकारी प्राप्त गर्न कार्यालय समयभित्र यस कम्पनीको प्रशासन शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।